# ऋणको पासो : गरिबीबाट आफूलाई मुक्त गर्ने नेपाली आप्रवासीहरूको प्रयासलाई अवमुल्यन गर्दै व्यवसायी र सरकार

**“हाम्रो जिल्लामा एजेन्टहरूले मानिसहरूलाई ठगी गरेको दैनिक देखिन्छ । यो व्यवसायमा संलग्न व्यक्तिहरू श्रमिकहरूलाई ऋण लिएर भएपनि धेरै शुल्क तिरेपछि विदेशमा बढी तलब आउने रोजगारी पाइन्छ भन्ने कुरामा आश्वस्त गराउँदै प्रगति गरेको देखिन्छ । तर जब कुरा गलत सावित हुन्छन् र श्रमिकहरू एजेन्टले वाचा गरे अनुसारको तलब नपाइ फर्कन्छन्, परिवारमाथि ठूलो ऋणको बोझ आइपर्छ । यसरी गरिबीको दुष्चक्रले निरन्तरता पाइरहन्छ ।”**

-आप्रवासी अधिकार अभियन्ता, सप्तरी, नेपाल

विदेशमा रोजगारीका लागि गरिबलाई पैसा तिराउने कार्य सामान्य तर्क भन्दा बाहिरको कुरा हो । तथापि कामका लागि ठूलो सङ्ख्यामा नागरिकहरू बाहिर जाने अन्य धेरै देशहरूमा जस्तै नेपालमा पनि यो सामान्य अभ्यासका रुपमा प्रचलित छ । विचौलिया, विदेशी रोजगारदाता, गन्तव्य मुलुकका सरकार र नेपाल सरकारले पनि लिने गरेको वैधानिक र अवैधानिक शुल्कका रुपमा आप्रवासी श्रमिकहरूले लाखौं रुपिया तिर्ने गर्छन्, र त्यसले मानवअधिकारको दृष्टिकोणले ठूलो प्रभाव पार्ने गरेको छ ।

यो वर्ष एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन **मानिसलाई मुनाफामा परिणत गरिँदै** (*Turning People into Profits* )ले आप्रवासन ऋणले नेपाली आप्रवासी र उनीहरूका परिवारको जीवनमाथि कसरी घातक प्रभाव पारिरहेको छ भन्ने कुरा देखायो । यस्ता ठूलो ऋणले रोजगारको खोजीमा रहेका व्यक्तिलाई बंधुवा मजदुरका रुपमा परिणत गरिदिन्छ, र वैदेशिक रोजगारीका क्रममा उनीहरू सजिलै शोषित हुन पुग्छन् ।

हामीले ४१४ जना आप्रवासी श्रमिकहरूसँग गरेको नयाँ सर्वेक्षणले पनि त्यही परिदृश्यलाई बल पुर्‍याउने काम गरेको छ । लेबरलिंक (Laborlink)नामक श्रमिकहरूको आवाज प्लेटफर्मको प्रयोग गर्दै एम्नेस्टीले प्रवासी नेपाली समन्वय समिति, नर्थ साउथ इनिसिएटिभ र सामी परियोजना/हेल्भेटास स्वीस् इन्टरकोअपरेसन नेपालसहितका विभिन्न आप्रवासी अधिकार संस्थाहरूको

सहकार्यमा आप्रवासी श्रमिकहरूलाई मोबाइल फोनको प्रयोगमार्फत सर्वेक्षणमा सहभागी गरायो । हामीले सङ्कलन गरेको तथ्याङ्कसहित नेपालमा हामीले गरेको अनुसन्धानबाट प्राप्त अन्य प्रमाणहरूले आप्रवासी श्रमिक ऋणको संस्थागत समस्यालाई उजागर गर्न मद्दत गर्नुका साथै यो ऋणग्रस्तताको मुद्दालाई समाधान गर्न वास्तवमा को तयार छ भन्ने प्रश्न खडा गर्दछ ।

विश्वव्यापी आपूर्ति चक्रमा विद्यमान आधुनिक दासत्वको उन्मूलनमा हामीले प्रगति हासिल गर्ने अपेक्षा गरेका छौं भने  दासत्व विरुद्धको नयाँ कानुनमा धेरै राज्यहरूले हाल उल्लेख गरे झैं लाखौं आप्रवासी श्रमिकहरूले भुक्तानी गर्ने अतिशय शुल्कलाई समाधान गर्ने कुरा प्राथमिकता सूचीको सबैभन्दा माथि हुनुपर्छ ।

### १. शुल्क : आशावादी आप्रवासीहरूमाथिको निर्मम बोझ

हाम्रो सर्वेक्षणमा सहभागी लगभग सबै व्यक्तिले वैदेशिक रोजगारीका लागि आफूले एजेन्टलाई शुल्क बुझाएको बताए ।



विदेश जान नेपाली श्रमिकहरूले तिर्ने रकम यस क्षेत्रकै सबैभन्दा उच्च मध्येमा पर्छ । यो रकममा मुख्यत विश्वव्यापी श्रमबलमा आप्रवासीहरूको यात्रा सहजीकरण गर्ने तहगत विचौलियाहरू (राजधानीमा अवस्थित ठूला कम्पनी, स्थानीय एजेन्ट र उनीहरूको सहायक एजेन्ट)ले माग गर्ने अतिशय शुल्क पर्दछ ।

आप्रवासी श्रमिकहरूले कामका लागि विदेशिनु पर्दा कुनै पनि शुल्क तिर्नु नपरेको सुनिश्चित गर्नु अन्तर्राष्ट्रिय मापदण्ड हो तर नेपालमा यो गैरकानुनी छैन । जुलाई २०१५ सम्ममा नेपाल सरकारले वैदेशिक रोजगार कम्पनीहरूलाई वैधानिक रुपमा आप्रवासी श्रमिकहरूसँग मलेसियामा काम गर्न जान रु ८० हजार सम्म र ६ वटा जीसीसी देशहरू (कतार, साउदी अरब, यूएई, कुवेत, बहराइन र ओमान) जान रु ७० हजार सम्म लिन स्वीकृति प्रदान गरेको थियो । हाम्रो सर्वेक्षणमा सहभागी अधिकांश आप्रवासी श्रमिकहरू सन् २०१५ अघि नै विदेश गएका थिए ।

अधिकांश श्रमिकहरूले शुल्क भुक्तानी गरेको कुरा त्यति आश्चर्यको कुरा होइन । श्रमिकहरूले मलाई यस्तो भने : “विदेशमा काम पाउन हामीले एजेन्टलाई पैसा दिनु बाहेक अन्य कुनै विकल्प छैन । शुल्क हामीले धान्न सक्ने भन्दा बढी हुने गर्छ, तर यदि हामीले नदिने हो भने हाम्रो ठाउँ लिने अर्को व्यक्ति सदैव तयार हुन्छ ।” आफ्नो एजेन्टले आवश्यक भन्दा बढी रकम गैरकानुनी रुपमा असुलेको आप्रवासीहरूको प्रतिशत भने अचम्मलाग्दो छ । हाम्रो सर्वेक्षणमा सहभागी मध्ये लगभग दुई तिहाई आप्रवासी श्रमिकहरूले सरकारले तोकेको अधिकतम सीमा भन्दा बढी शुल्क बुझाएका थिए ।




यो कुरा एम्नेस्टीको अघिल्लो अनुसन्धानसँग मेल खान्छ, जसमा नेपाली आप्रवासीहरूले विदेशमा रोजगारका लागि एजेन्टलाई औसतमा १,३४६ अमेरिकी डलर बराबरको रकम भुक्तानी गरेको पाइएको थियो । यो रकममा आप्रवासीहरूको अन्य खर्च समावेश छैन जस्तै : प्रस्थान अघिको अभिमुखीकरण, स्वास्थ्य जाँच, वैदेशिक रोजगार वीमा, कामसम्बन्धी तालिम, र आफ्नो गाउँबाट काठमाडौं आउन जानको यातायात खर्च । श्रमिकहरूले काम गर्ने देशमा पनि थप खर्च गर्नुपर्ने हुनसक्छ जस्तैः आवास अनुमति वा अनिवार्य स्वास्थ्य परीक्षण ।

## २. ऋण

सर्वेक्षणमा सहभागी अधिकांश व्यक्तिले आफूलाई तिर्न बाध्य पारिएको भर्ना शुल्कका लागि आधा भन्दा बढी रकम ऋण लिएका थिए ।




अधिकांश आप्रवासी श्रमिक र तिनका परिवार आप्रवासन शुल्कका रुपमा हजारौं डलर बराबरको रकम तिर्न सक्षम छैनन्, विशेषगरी त्यो अवस्थामा जब उनीहरूको गाउँघरको आम्दानी महिनाको १५० डलर भन्दा कम छ । नेपालीहरूका लागि दैनिक जीवन त्यसैपनि महँगो छ । गरिब गाउँहरूमा पनि परिवारहरूले आफ्ना छोराछोरीलाई राम्रो विद्यालय पठाउने हो भने प्रति बर्ष ३५० डलर बराबरको रकम तिर्नुपर्ने बताए ।

स्रोत न्यून रहेको र ऋणमा पहुँच कठिन भएको अवस्थामा शुल्क बुझाउने आप्रवासीहरूलाई लुटेरा साहुकारहरूले सजिलै शोषण गर्छन् । हालै मात्र नेपालको तराई क्षेत्रमा विदेश जान सीमान्तकृत समुदायका सदस्यहरू ४८ देखि ६०% सम्मको अत्यधिक चर्को व्याज तिर्ने गरेको मैले पाएँ । यसले काम र आम्दानी सबैभन्दा खाँचो रहेका व्यक्तिहरू नै एजेन्ट र लुटेरा साहुकारहरूबाट सबैभन्दा शोषित हुने गरेको यस अघिका अन्य अध्ययनहरूले पुष्टि गर्ने काम गरेको छ । अवस्थाको वर्णन गर्दै एक जना श्रमिकले भने, “आप्रवासनका लागि ऋण लिएपछि तपाईं निरन्तर तनाबमा रहने गर्नुहुन्छ । तपाईंले परिवारको भविष्यका लागि लगानी गर्नु भएको छ, त्यसैले तपाईं घर फर्कदा त्यसको बदला केही लिएर आउनुहोला”।

आप्रवासी श्रमिकहरूले विदेशमा आफ्नो सम्पूर्ण समय आप्रवासनका क्रममा

लिएको ऋण चुक्ता गर्न मात्र बिताउन सक्छन्, विशेषगरी त्यो अवस्थामा जहाँ श्रमिकहरूले ऋण चुक्ता गर्न बनाएको योजना तलब नपाउँदा वा अन्य प्रकारका श्रम शोषणाले अबरुद्ध हुनपुग्छ । यस्तो अवस्थामा रहेका श्रमिकहरूले आफ्ना परिवारका सदस्यसँग घरमा बिताउने बहुमुल्य समय "खेर फालेको" महसुस गर्नसक्छन् ।

केहीका लागि आप्रवासनको ऋण धेरै बर्षसम्म टाउको दुखाईको विषय बन्नसक्छ वा सम्पूर्ण परिवारलाई नै वित्तीय विपद्को संघारमा पुर्‍याउन सक्छ । चर्को ब्याजदरमा ऋण लिएका कारण ३,००० अमेरिकी डलर बराबरको रकम भन्दा पनि बढी कर्जा बोकेका आप्रवासी श्रमिकहरूको विभिन्न उदाहरण मैले अभिलेख गरेको छु । यो प्रायः आप्रवासीहरूले एजेन्टले बाचा गरेको भन्दा निकै कम तलब प्राप्त गरेको अवस्थामा हुने गर्छ । यस्तो अवस्थामा रहेका आप्रवासीहरूको फाइदा उठाउँदै गाउँका साहुकारहरूले ऋण समयमै नतिरेको कारण देखाउँदै ब्याज दर दोब्बर बनाइदिने गर्छन् । आप्रवासन शुल्कले नित्याएको ऋण पूर्णरुपमा अस्थिर हुनपुगेपछि आप्रवासीहरू आफूलाई एउटा अनन्त चक्रमा फस्न गएको पाउँछन् जहाँ उनीहरूले विगत आप्रवासनमा लिएको ऋण चुक्ता गर्न लगातार आप्रवासन गरिरहन्छन् ।

### ३. आप्रवासन ऋण, छलकपट र जालसाजी

आधा भन्दा बढी श्रमिकहरूले आफूलाई भर्ना गर्ने एजेन्टले वाचा गरेको भन्दा कम मासिक तलब पाएको बताए ।




वैदेशिक रोजगार व्यवसायीहरूले प्रायः श्रमिकहरूलाई उनीहरूले अपेक्षा गर्नसक्ने तलबका बारेमा गरेको वाचा पुरा गर्दैनन् । यस प्रक्रियामा ऋणले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यसबारेमा व्यवसायीहरूले अन्तर्वार्ताका क्रममा हामीलाई व्याख्या पनि गरेका छन्, जसमा एक जनाले आप्रवासीहरूमाथि लादिएको ऋणले "आफ्नो आप्रवासनका बारेमा गम्भीर रुपमा सोच्ने बनाउँने" बताए ।

यसको वास्तविक अर्थ के हो भनेर नेपाली श्रमिकहरूले मलाई व्याख्या गरेका छन् : आफ्नो आप्रवासनका लागि ऋण नलिएको अवस्था भए आफूलाई वाचा गरिएको काम वा तलब नपाउने कुरा थाहा भएपछि उनीहरू विदेश जानबाट आफूलाई रोक्ने थिए । कैलाली जिल्लाका एक जना श्रमिक अन्जयले मलाई भने, "मैले मेरो कामको करारनामापत्र काठमाडौं विमानस्थलमा उडानको समय भन्दा एक घण्टा अघि मात्र पाएँ । करारनामामा मेरो तलब मलाई भर्ना गर्ने कम्पनीले वाचा गरेको भन्दा २५ % कम भएको थाहा पाउँदा मैले गुनासो व्यक्त गरिन । त्यो समयमा मलाई त्यहाँ भएको कुरासँग सम्झौता गर्नुपर्छ र आफ्नो ऋण तिर्नका लागि म विदेश जानुपर्छ भन्ने लाग्यो ।"

वैदेशिक रोजगार व्यवसायीहरूले सम्भावित विदेशी ग्राहकहरूसमक्ष नेपाली

श्रमिकहरूलाई आफ्नो काम छोडर जाने सम्भावना ज्यादै न्यून हुन्छ भनी प्रचारप्रसार गर्छन् । विगतको वर्षमा मैले एक सय नेपाली वैदेशिक रोजगार कम्पनीका वेबसाइटहरूको समीक्षा र विश्लेषण गरेको छु । त्यसमा मैले धेरै वेबसाइटहरूमा नेपाली श्रमिकहरूलाई "आफ्ना रोजगारदाताप्रति इमान्दार" र "प्रतिकूल अवस्थामा पनि काममा पूर्ण रुपमा समर्पित हुने" भनी उद्धृत गरिएको पाएँ ।

नोभेम्बर महिनामा मैले चार जना नेपाली श्रमिकहरूलाई भेटेँ जसलाई एजेन्टले उनीहरूको काम गर्ने वातावरणबारे गलत जानकारी दिएका थिए । उनीहरूलाई मलेसियामा प्लास्टिक बोतलमा लेबल बनाउने कारखानामा काम गर्ने बताइएको थियो तर त्यस विपरित उनीहरूलाई स्टील उद्योगमा पठाएर बिना तालिम खतरनाक काम गर्न लगाइयो ।

कामको सिलसिलामा धेरै जना घाइते भएको देखेपछि ती चार जनाले कम्पनी छोड्ने प्रयास गरे तर कम्पनीले उनीहरूको घर फर्कने टिकटको पैसा पनि तिरेन र उनीहरूको पासपोर्ट पनि फिर्ता गरेन । भर्ना शुल्कका रुपमा १,२०० अमेरिकी डलर बराबरको रकम तिर्दा भारी ऋणमा परेका उनीहरूले आफू फसेको, डराएको र हवाइजहाजको टिकट खरिद गर्ने पैसा विना घर पनि फर्कन नसकेको बताए । मैले सोचेँ : जबर्जस्ती श्रमको मानक अवस्थामा ती पुरुषहरूलाई उनीहरूको एजेन्टले कसरी "प्रतिकूल अवस्थामा पनि पूर्ण रुपमा कामप्रति समर्पित हुने" भनी व्याख्या गर्ने थिए होलान् ?

### ४. गुप्त, अनुत्तरदायी ऋण

नेपाली श्रमिकहरूले वैदेशिक रोजगार व्यवसायीहरूलाई भुक्तानी गरेको शुल्क वापतको अभिलेखबाट उनीहरूलाई लगातार बञ्चित गराइन्छ । हाम्रो सर्वेक्षणमा बहुसंख्यक श्रमिकहरूले अर्थात ९० % ले आफूले भुक्तानी गरेको भर्ना शुल्क वापत एजेन्टहरूबाट वास्तविक रसिद प्राप्त गरेनन् ।




रसिद विना आप्रवासी श्रमिकहरूसँग आफूलाई भर्ना गर्ने एजेन्टले शोषण गरेको प्रमाणको अभाव हुन्छ । यसले गर्दा उनीहरूले भ्रष्ट एजेन्टहरू विरुद्ध मुद्दा दायर गर्न सक्दैनन् वा आफ्ना विदेशी रोजगारदाताहरूलाई आफ्नो आप्रवासनको खर्च आफैँले गरेको भन्ने कुरा पनि प्रमाणित गर्न सक्दैनन् । तथापि, रोजगारदाताहरू हवाइजहाजको टिकट, भिसा शुल्क र अन्य सम्बन्धित खर्च आफैँले गरेको भन्ने विश्वासमा हुन्छन् ।

आफ्नो अस्वच्छ र आपराधिक व्यावसायिक आचारण लुकाउन नेपालस्थित वैदेशिक रोजगार कम्पनीहरूले विभिन्न हथकन्डाहरूको प्रयोग गर्छन्, जसले गर्दा आप्रवासीहरूलाई दुव्यर्वहार गरे बापत उनीहरू कहिल्यै जिम्मेवार ठहरिंदैनन् । आप्रवासीहरूले वैदेशिक रोजगार कम्पनीहरूले उनीहरूलाई कार्यालयमा भन्दा पनि होटलमा विचौलियाहरूलाई पैसा दिन बाध्य बनाएको गुनासो गर्छन्, जसले गर्दा उनीहरूसँग पैसा कसले लिएको हो र उनीहरूसँग बढी शुल्क लिनमा को जिम्मेवार छ भन्ने कुराको बुझाइ स्पष्ट हुँदैन । भर्ना गर्ने व्यक्तिहरूले दण्डहीनताको आफ्नै प्रणालीलाई यति सावधानीपूर्वक विकसित गरेका छन् कि उनीहरूले पैसाको लेनदेन भएको समयमा आप्रवासी श्रमिकहरूलाई आफ्नो मोबाइल फोन बन्द गर्न वा फोन उनीहरूलाई बुझाउन लगाउँछन् । कहिलेकाँही उनीहरूले आप्रवासी श्रमिकहरूलाई भर्ना शुल्कका रुपमा वैधानिक सीमा भित्रको रकम मात्र भुक्तानी गरेको भनी

क्यामेरा अगाडि भन्न लगाउँदै त्यसको भिडियो पनि बनाउने काम गर्छन् ।

## ५. सरकार : कारबाही चाल्न असफल, ऋणको दोष आप्रवासीहरूमाथि

जुलाई २०१५ मा नेपाल सरकारले “निःशुल्क भिसा, निःशुल्क टिकट” नीति जारी गऱ्यो जसअनुसार स्थानीय र अन्तर्राष्ट्रिय दवाबका कारण श्रमिकहरूसँग लिन सकिने अधिकतम शुल्क रु. १० हजार तोकियो । “निःशुल्क भिसा, निःशुल्क टिकट” नीतिले शुल्कलाई पूर्ण रुपले विस्थापन गर्ने काम नगरे तापनि यसले नेपाली आप्रवासीहरूका लागि शुन्य खर्चको श्रम भर्ना प्रणालीतर्फको पहिलो कदमलाई प्रतिनिधित्व गर्नुपर्छ ।

विगतको वर्षमा भएका विभिन्न बैठकहरूमा सरकारले हामीलाई आप्रवासीहरूले हाल वैदेशिक रोजगारीका लागि न्यून शुल्क भुक्तानी गरिरहेको भन्ने बारेमा आश्वस्त गरेको छ । तर अवस्थाको बारेमा सरकारको उत्साहपूर्ण मुल्याङ्कनलाई देशको आप्रवासी श्रमिकको संख्याले रुजु गर्दैनन् । वास्तवमा हाम्रो सर्वेक्षणमा सहभागीमध्ये केवल २० % ले मात्र सरकारले आफ्नो जिल्लामा “निःशुल्क भिसा, निःशुल्क टिकट” लागू गरेको बताए । वैदेशिक रोजगारीका लागि सरकारको भर्ना नीतिको कार्यान्वयन प्रतिको नकारात्मक धारणा हाम्रो २०१७ प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका आप्रवासीहरूमाझ पनि साझा विषय थियो ।




स्रोत र कार्यान्वयनको अभावमा सरकारको “निःशुल्क भिसा, निःशुल्क टिकट” भर्ना शुल्क नीति आप्रवासन खर्चमा अर्थपूर्ण कमि ल्याउन पूर्ण रुपमा असफल भएको छ । वैदेशिक रोजगार कम्पनीहरूमाथि कडा निगरानीको सट्टा वैदेशिक रोजगार विभागले ती कम्पनीहरूलाई न्यून खर्चको भर्ना नीतिको पालनासम्बन्धमा आफैँ प्रतिवेदन बुझाउन आग्रह गरेको छ । त्यसमा पनि निकै कम कम्पनीहरूले प्रतिवेदन बुझाएको सरकारी पदाधिकारीहरूले हामीसँग स्वीकार गरेका छन् र हामीलाई थाहा भएसम्म सरकारले आफ्नो निर्देशनको उपेक्षा गर्ने रोजगार कम्पनीहरूलाई जरिवाना वा कारबाही गरेको छैन ।

एजेन्टहरूलाई चुनौती दिने कार्यमा आप्रवासीहरूले सरकारबाट निकै कम सहयोग प्राप्त गर्छन् । त्यसको सट्टा सरकारी पदाधिकारीहरूले ऋणमा डुबेका आप्रवासीहरूलाई नै “आप्रवासनको विकल्प”को गलत अड्कल गरेको र आप्रवासन प्रक्रियाको महत्वपूर्ण खण्ड (जस्तै : अनिश्च्छुक कम्पनीहरूबाट भर्ना शुल्कको रसिद माग गर्ने कार्य)मा आफ्नो अधिकार दाबी गर्न असफल भएको आरोप लगाउने प्रवृत्ति छ ।

## निष्कर्ष : आप्रवासी श्रमिकहरूका लागि हामीले अझ राम्रो गर्न सक्छौं

आफ्ना घरपरिवारका सदस्यहरूबाट टाढा रहेर विदेशमा काम गर्ने आप्रवासीहरूले अकल्पनीय त्याग गर्दछन् । हामीले उपभोग गर्ने धेरै सेवा र साधनसँग सम्बन्धित काम गर्नका लागि नेपाली र अन्य देशका आप्रवासीहरूले आफ्नो जीवन र घरपरिवारको वित्तलाई दाउमा राख्ने गरेको तथ्यलाई मान्यता दिने गरिंदैन । हामीले अनुसन्धान गरेका गाउँहरूमा आप्रवासी श्रमिकहरू विकासको मुख्य प्रतिनिधिका रूपमा रहेको पायौं । पर्याप्त सार्वजनिक सेवाको अभावमा उनीहरूले परिवारको स्वास्थ्य समस्याको समाधान गर्नुका साथै आउँदो पुस्ताको शिक्षामा पनि लगानी गरिरहेका छन् ।

यसैले गर्दा पनि कामका लागि आप्रवासनको अति महँगो खर्चलाई सम्बोधन गर्नु अति महत्वपूर्ण छ । ऋणग्रस्तताको अन्यायको चुरो कुरा के हो भने आफ्नो जीवनमा सुधार ल्याउने एउटा व्यवहारिक योजना बनाएका आप्रवासीहरू परिवारबाट टाढा आफ्नो जीवनको धेरै बर्ष खेर फाल्न पुग्छन् र गरिबी विरुद्धको आफ्नो लक्ष्यमा अपेक्षा गरेको भन्दा निकै कम लगानी गर्नसक्छन् ।

आप्रवासीहरूले वैदेशिक रोजगारका लागि वैदेशिक रोजगार कम्पनीहरूलाई आवश्यक भन्दा धेरै बढी र अनावश्यक रुपमा बढाइएको शुल्क भुक्तानी गरिरहेको कुरा निर्विवाद सत्य हो । यो बर्ष एम्नेस्टीले नेपाल सरकारलाई आफ्नो “निःशुल्क भिसा, निःशुल्क टिकट” भर्ना शुल्क नीतिको कार्यान्वयनमा पूर्ण रुपमा लगानी गर्न आग्रह गरेको छ । यसमा राम्रो सुरुवात नीति परिपालनासम्बन्धी आफ्नो व्यवसायको प्रतिवेदन बुझाउन सरकारले गरेको आग्रहको उपेक्षा गर्ने कम्पनीहरूमाथि आर्थिक जरिवाना गराउनु र कम्पनीहरूले उपलब्ध गराएको जानकारीको आधारमा भर्नासम्बन्धमा भइरहेको ज्यादतिहरूमाथि थप अनुसन्धान गर्न प्रयोग गर्नु हुनेछ । तथापि, वैदेशिक रोजगार व्यावसायीहरूविरुद्ध कडा कारबाही नगरेर श्रमिकहरूको हकहित रक्षा गर्न सरकार लगातार असफल हुँदै आएको छ ।

यस सम्बन्धमा, मलेसिया, खाडी क्षेत्र र अन्यत्र आप्रवासी श्रमिकहरूलाई प्रत्यक्ष रुपमा वा आपूर्तिकर्ता र ठेकेदारमार्फत नियुक्त गरिरहेका ठूला व्यावसायिक प्रतिष्ठानहरूमाथि कानुनी र प्रतिष्ठाजन्य दबाव बढिरहेको छ ।

श्रमिकहरूलाई प्रत्यक्ष रुपमा ठूला कम्पनीहरूले नियुक्त नगर्ने भएपनि आफ्नो व्यवासायिक सम्बन्धमार्फत मानवअधिकार उल्लङ्घनमा उनीहरूले कसरी योगदान पुर्‍याइरहेका छन् भन्ने बारेमा समीक्षा गरी न्यूनीकरण गर्ने जिम्मेवारी उनीहरूको हुन्छ । यो कुरा व्यवसाय र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूमा पनि स्पष्ट गरिएको छ । स्वच्छ भर्ना/नियुक्तिसम्बन्धी सिद्धान्तलाई उनीहरूको करार तथा आपूर्ति चक्रमा रहेका व्यवसायहरूले सम्मान गरेको सुनिश्चित गरे बंधुवा आप्रवासी श्रममा मतियार हुनबाट कम्पनीहरू जोगिन सक्छन् । किनभने, धेरै व्यवसायहरूको नाफाको अन्तरमा आप्रवासी श्रमिकहरूले उपलब्ध गराउने कम खर्चिलो श्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको छ ।

यद्यपि, आफ्ना आपूर्ति चक्र र कार्यसञ्चालनमा रहेका यस्ता जोखिम र श्रम ज्यादतिको व्यवस्थापन र सम्बोधन गर्न ठोस र पारदर्शी कदमहरू चाल्ने कम्पनीहरू निकै कम छन् । त्यसको सट्टा धेरैले कुनै पनि प्रकारको जिम्मेवारी (जोखिमको जाँच गर्ने र प्रभावित श्रमिकहरूलाई उपचार उपलब्ध गराउने दुवै)बाट आफूलाई टाढा राख्ने गरेको देखिएको छ । र त्यसमा उनीहरू आफूलाई अपारदर्शी कम्पनी संरचना र बाह्य कम्पनीमार्फत ठेक्का दिने प्रक्रिया भित्र लुक्ने गर्छन् । आफ्नो आपूर्ति चक्रको निर्णय प्रक्रियामा श्रमिकहरूलाई सबैभन्दा अगाडि राख्ने भनी राउण्ड टेबुल र सम्मेलनहरूमा बोलिरहेका ठूला कम्पनीका प्रतिनिधिहरूलाई मैले नियमित रुपमा देख्ने गर्छु । अब यसलाई आपूर्ति चक्रमा हुने मावनअधिकार जोखिम र श्रम ज्यादतिलाई कम्पनीहरूले कसरी पहिचान र सम्बोधन गरे भन्नेबारेमा उनीहरूले बुझाउने ज्यादै कमजोरस्तरको व्यावसायिक प्रतिवेदनकोसँग तुलना गर्नुहोस् । व्यावसायिक नीतिबाट ठोस कार्यान्वयनतर्फको यो सुस्त चालले के बताउँछ भने श्रम भर्नासम्बन्धी महत्वपूर्ण मानवअधिकार मापदण्डहरूलाई कम्पनीहरूले राष्ट्रिय क्षेत्राधिकारको घरेलु कानुनमा प्रभावकारी रुपमा स्थापित नभएसम्म ती मापदण्डको पालना गर्ने छैनन् ।

वैदेशिक रोजगार एजेन्टहरूलाई भुक्तानी गरिएको अवैधानिक शुल्क श्रमिकहरूलाई फिर्ता गर्ने नीतिहरूको स्थापना गरेर कम्पनीहरूले सो मुद्दालाई सम्बोधन गर्न सुरु गरेको केही उदाहरणहरू छन् । तथापि, यो तबमात्र प्रभावकारी हुन्छ जब नीतिले भर्नाका क्रममा हुने ज्यादति

वास्ताविकताहरूलाई सही रुपमा प्रतिनिधित्व गर्छ ।

उदाहरणका लागि कतारमा हुने सन् २०२२ विश्वकपका आयोजकहरूले श्रमिकहरूले भर्ना शुल्क भुक्तानी गरेको अवस्थालाई स्वीकार नगर्ने स्पष्ट नीति अवलम्बन गरेका छन् र विश्वकपका लागि कार्यरत कम्पनीहरूले यो मापदण्डको पालना गर्न अनिवार्य बनाएका छन् । तरपनि यो नीति अनुसार आप्रवासी श्रमिकहरूले रोजगार कम्पनीहरूले उनीहरूसँग लिएको अवैधानिक शुल्कको रसिद बुझाउन आवश्यक छ । हाम्रो सर्वेक्षणको तथ्याङ्कले स्पष्ट गरेझैं आप्रवासन खर्चको भुक्तानीको अभिलेख र प्रमाण श्रमिकहरूले उपलब्ध गराउन सक्छन् भन्ने गलत अनुमान लगाउँदा भर्नाका क्रममा हुने ज्यादतिहरूको उपचार सही हुनसक्दैन । वास्तविकता के हो भने शोषणजन्य रोजगार कम्पनीहरूले आफ्नो व्यवसाय बढाउने भनेको नै श्रमिकहरूलाई अवैधानिक भुक्तानीको प्रमाणबाट बञ्चित गराएर हो । यो सर्वज्ञात जोखिमलाई व्यवसायहरूले कसरी सम्बोधन गर्न सक्छन् भन्ने बारेमा ठोस प्रस्तावहरू छन् तर त्यसलाई व्यवहारमा उतारिएका उदाहरणहरू निकै कम छन् ।

आफ्नो आपूर्ति चक्र र कार्यसञ्चालनमा हुने भर्ना/नियुक्तिसम्बन्धी ज्यादतिको सम्बोधन र समाधान गर्न व्यवसायहरूले भर्नासम्बन्धी दुर्व्यवहार निवारण र उपचारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप आफ्नो दायित्व बढाउन आवश्यक हुन्छ । यस सम्बन्धमा एउटा ठूलो कदम प्रमुख व्यावसायिक प्रतिष्ठानहरूले यस्तो नीतिको कार्यान्वयन गर्नु हुनेछ जसले आफ्नो आपूर्ति चक्रमा संलग्न व्यवसायहरूलाई श्रमिकहरूसँग आप्रवासनका लागि लिएको कुनै पनि शुल्क फिर्ता गराउन आवश्यक बनाउँछ ।यद्यपि त्यस्ता नीतिहरूले प्रमाण जुटाउने भार आप्रवासीहरूमाथिबाट हटाउने काम गर्नुपर्छ । यो जकडिएर रहेको मुद्दालाई तदारुकता र गम्भीरताका साथ समाधान नगरेसम्म नेपाली र अन्य आप्रवासीहरूले आप्रवासनको उच्च मुल्यको बलमा निर्माण भएको ज्यादतिको चक्रको सामना गरिरहनेछन् ।

## कार्यपद्धति

आप्रवासी श्रमिक ज्यादति र शोषणसम्बन्धी मुद्दाहरू बाहिर ल्याउन समुदायमा आधारित सर्वेक्षण कार्यपद्धति लागु गर्न एलिभेट(ELEVATE) अन्तर्गत रहेको श्रमिक आवाज प्लेटफर्म अर्थात लेबरलिंकसँग एम्नेस्टी इन्टरनेसनलले साझेदारी गर्‍यो । हामीले मलेसियामा विभिन्न क्षेत्रमा काम गर्ने आप्रवासीहरूको समूह र मलेसिया वा अन्य खाडी मुलुकमा वैदेशिक रोजगारी गरेर घर फर्केका नेपालमा रहेका आप्रवासीहरूसँग मोबाइल फोनमार्फत सर्वेक्षण गर्‍यौं । हाम्रो सर्वेक्षणमा आप्रवासीहरूलाई विदेशमा काम पाउने प्रक्रिया र विदेशमा काम गर्दा उनीहरूको श्रम अधिकारको संरक्षणबारे विभिन्न प्रश्नहरू सोध्यौं । हामीले आप्रवासन खर्च न्यून गर्ने नेपाल सरकारको नीतिहरूको कार्यान्वयनका बारेमा पनि सोध्यौं । हामीले सर्वेक्षण गरेकामध्ये अधिकांश श्रमिकहरू सन् २०१५ अघि नै विदेश गएका थिए, जसको अर्थ उनीहरू सरकारले रोजगार एजेन्टहरूले श्रमिकहरूसँग लिन सक्ने अधिकतम भर्ना शुल्कलाई उल्लेखनीय रुपमा कम गरिदिएको “निःशुल्क भिसा निःशुल्क टिकट” नीति लागु हुनु अघि नै आप्रवासन गरिसकेका थिए । हरेक देशमा आप्रवासी श्रमिकहरूको जनसङ्ख्या कति छ भनेर थाहा नभएसम्म सर्वेक्षणको परिणामको तथ्याङ्कीय औचित्यको समीक्षा गर्नु कठिन भए तापनि परिणामले हाम्रो लक्षित जनसङ्ख्यामाझ अनुमानित धारणाहरूलाई प्रतिनिधित्व गर्दछ । परिणामहरू हाम्रो सन् २०१७ को प्रतिवेदनका गुणात्मक अनुसन्धान निष्कर्षहरूसँग पनि मेल खान्छन् ।